किसानलाई ...

थान, विभिन्न मल बीउ बिषधी प्रदान गरेको उराँवले बताउनुभयो। सोही स्थानका किसानलाई दुई दिने तरकारी खेती तालिम सहितरु कृषि सामग्री तथा कृषि औजार वितरण गरेको हो। किसानलाई रु कृषि सामग्री तथा कृषि औजार वितरण गरेर ज्ञान केन्द्रले ठूलो सहयोग गरेको कुशवाहा तरकारी तथा विज वृद्धि उत्पादन कृषक समूहका अध्यक्ष चन्द मेहताले बताउनुभयो।

कृषि सामग्री तथा कृषि औजार वितरण कार्यक्रममा भोक्राहा नरसिंह गाउँपालिका २ का वडा अध्यक्ष आलम अन्सारी, ज्ञान केन्द्रका प्रतिनिधि सहितको उपस्थिती रहेको थियो। किसानहरुलाई सम्पुर्ण कृषि सामग्री तथा औजारहरु ५० प्रतिशत अनुदानमा वितरण गरिएको मेहताले बताउनुभयो।

व्यावसायीलाई ...

पीडित, लोपोन्मुख जाति र जेष्ठ नागरिकलाई नागरिकता सिफारिस समेत निशुल्क गरिने भएको अंसारीले बताउनुभएको छ। वार्षिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने समेत वहाँले जानकारी दिनुभएको छ।

विप्लवका सुनसरी इन्चार्ज रिहाईको माग

धरान (प्रस)। नेपाल कम्युनिस्ट पार्टीका मेची कोशी ब्युरोले आफ्नो पार्टीका सुनसरी जिल्ला इन्चार्ज रोशन राई 'निश्चल'लाई रिहाइ गर्न माग गरेको छ। असार १० गते आफन्तको घरमा बसिरहेको बेला प्रहरीले गिरफ्तार गरेको भन्दै बिनाशर्त रिहाईको माग गरीएको सो पार्टि ले जनाएको छ।

प्रेस विज्ञप्ति जारी गर्दै ब्युरो इन्चार्ज प्रतापले कोरोना महामारीका कारण मानव समुदायले ठुलो विपत्ति झेलिरहेको बेला सामान्य मानवियतालाई पनि ख्याल नगरी सरकारले राती सुतिरहेको बेला डकैती शैलीमा आफ्ना कार्यकर्ता गिरफ्तार गरेको बताएका छन्। विज्ञप्तिमा सरकारले नै समाजमा आतंक र हिंसा मच्चाउन खोजिरहेकोले यस्ता कदम बन्द गर्न माग गरिएको छ।

इलाका प्रहरी कार्यालय धरानले बुधबार राति ११ बजे नेकपा विप्लव समुहको सुनसरी जिल्लाका ईन्चार्ज रोशन राईलाई पेस्तोल र गोलीसहित पक्राउ गरेको थियो।

पक्राउ परेका राईलाई हातहतियार खरखजना मुद्दामा अनुसन्धान जारी रहेको डिएसपी बस्नेतले बताए।

झञ्झटमा अढाई अरबको धरान खानेपानी

सुनसरी (प्रस)। एशियाली विकास बैंकको ऋण तथा अनुदानमा ल्याइएको अढाई अरबको धरान खानेपानी आयोजनाले डि.पि.आर. बमोजिम ७ मिटरको पानीको चापमा न्युनतम् १६ घण्टादेखि २४ सै घण्टा विश्व स्वास्थ्य संगठन (डब्लु.एच.ओ.) मापदण्डको शुद्ध खानेपानी उपलब्ध गराउने उल्लेख छ।

तर अहिले दिन विराएर आधा घण्टामात्र पानी आउने गरेको, पानीको चाप अत्यन्त कम भएकाले पानी तान्न मोटर जडान गर्नु परेको र पानी पनि लेदो मिसिएको आउने गरेको जनगुनासो अनुगमनका क्रममा पाइएकाले एडिबीले धरानलाई ठग्नु ठगेको आयोजना अनुगमन समितिका संयोजक एवम् सर्वदलीय तथा सर्वपक्षीय खानेपानी संयुक्त संघर्ष समितिका संयोजक सुजेन्द्र गोलेले बताए।

अनुगमनका क्रममा घरलौरी बाटो मै मोटर जडान गरी पानी तानेको पाइएको उनले बताए। धरानवासी उपभोक्ताहरुले टंकीमा पानी नचढेपछि बाध्य भएर मोटर जडान गर्नु परेको बताएका छन्। लेदो मिसिएको पानी त्यो पनि आधा घण्टामात्र आएपछि फोहोर पानी खान बाध्य भएको र फोहोर पानीका कारण स्वास्थ्यमा समेत असर परेको गुनासो उपभोक्ताहरुले गरेका छन्। उनीहरुले पर्याप्त शुद्ध पानी खानपाउनु पर्ने माग गरेका छन्।

आयोजनाको ९ महिने परीक्षणकाल करिव ३ महिना बांकी हुंदा समेत आयोजनाले डि.पि.आर. र सम्झौता बमोजिम पानी वितरण गर्न सकेको छैन। अझै उपभोक्ताको हजारौं धारा जडान गर्न बांकी नै छ। डि.पि.आर. मा १ करोड ३ लाख लिटर र सर्वदलीय तथा सर्वपक्षीय खानेपानी संयुक्त संघर्ष समितिसंग भएको ११ बुंदे सम्झौतामा १ करोड ५२ लाख २० हजार लिटर पानी प्रतिदिन उत्पादन गर्ने उल्लेख छ। धरान खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक तथा आयोजना प्रमुख राजु पोखेलले डिजाइन भन्दा बढी पानी उत्पादन भएको दावी गर्दै आएपनि यथार्थमा औसत दैनिक ६२ लाख लिटरमात्र उत्पादन भईरहेको संयोजक गोलेले बताए।

अरबौं लगानीमा निर्माण गरिएको आयोजनाले पनि डि.पि.आर., सम्झौता एवम् लक्ष्य बमोजिम पानी उत्पादन र वितरण गर्न नसकेकाले यो आयोजनाको फिनान्सीयल अडिट र टेक्निकल अडिट गरेर दोषीलाई कारवाहीको दायरामा ल्याउनुपर्ने भन्दै आयोजना असफल बनाउने एडिवी, परामर्शदाता, आयोजना प्रमुख र ठेकेदार कसैलाई पनि छोड्न नहुने उनले बताए। धरान उपमहानगरले विज्ञ मार्पत आयोजनाको अध्ययन र छानवीन गर्ने बताएको महिना दिन व्यतित् हुंदा समेत विज्ञ टोली गठन नहुनुले खानेपानी जस्तो संवेदनशील विषयमा उपमहानगर गम्भिर नदेखिएको र आयोजना सफल भएको प्रमाणीकरण नै नगरी खानेपानी संस्थानको धरान शाखालाई खानेपानी व्यवस्थापन बोर्डमा मर्ज गरेर सरकरी संरचना मास्न हतारो गरेको आरोप लगाउंदै आयोजना सफल भएको प्रमाणित नहुंदासम्म खानेपानी संस्थानलाई चलाउन नहुने उनले बताए। असफल आयोजनाका कारण बोर्डले पानी खुवाउन नसक्ने अवस्था देखिएकाले पनि खानेपानी व्यवस्थापन र आपूर्तिको सुनिश्चिता नभएसम्म संस्थानलाई यथावत राख्नु उचित हुने तर्क गर्दै आयोजनाको पूर्ण परीक्षण र सञ्चालनमा भने संस्थानको सहयोग जारी रहनुपर्ने उनले बताएका छन्।



NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

कोरोना भाइरस लक्षण र जोगिने उपाय

नियमित रूपमा साबुन पानीले हात धुने

खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने

यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने

जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने

पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेको मात्र खाने

नोट : "कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, स्वास प्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

रामचन्द्र पौदार (अध्यक्ष)
इनरुवा न.पा. वडा नं. १

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलिय

देवानगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशि मिति : २०७७।३।१४

यस कार्यालयबाट यस गाउँपालिकाबाट तपसिल बमोजिमको निकासी कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न इच्छुक व्यक्ति वा फर्मलाई आव्हान गरिएको छ।

क्र.सं.	रा.आ.ठे.नं.	ठेक्का विवरण	न्यूनतम ठेक्का अंक	बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी	कैफियत
१	०१/०७७/०७८	दैनिक व्यापार तथा कृषिजन्य निकासी कर	७,३५,०००/००	१,०००/००	

शर्तहरु

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त (PAN) को प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्र समेत पेश गरी बोलपत्र बिक्री हुने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (कार्यालय समयभित्र) रु. १,०००/०० दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई बोलपत्र फाराम खरिद गर्न सक्नेछ।

२. ठेक्का अवधि २०७७/०४/०१ देखि २०७८/०३/३० सम्म कायम हुनेछ।

३. खरिद भएको बोलपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी लाहाछाप लगाई सिलबन्दी गरी खाम बाहिर बोलपत्रदाताले सिलबन्दी खामको बाहिरपट्टि रा.आ.ठे.नं. र ठेक्काको नाम प्रष्टसँग लेखी १६औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. कर असुलीसम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टासम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ। साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ।

५. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ। . एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन।

६. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा **एन.आइ.सि.एशिया** बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २४३CA५००२१९१७००२ मा नगद धरौटी रकम जम्मा गरी सो को सक्लल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकद्वारा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तिमा ९० दिनसम्म मान्य म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ।

७. प्रचलित नियमानुसार रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन। कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. कबोल गरेको अंकलाई बराबर तीन किस्ता कायम गरिनेछ। पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ। त्यसपछिका किस्ताहरु क्रमश: अघिल्लो किस्ताको महिनाको मसान्तभित्र बुझाउनु पर्नेछ।

९. स्वीकृत बोलपत्रदाताले ठेक्का कबोल अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ।

१०. स्वीकृत बोलपत्रदाताले आफूले बुझाउनुपर्ने रकमका लागि पहिला किस्ता नगदै बुझाई दोस्रो, तेस्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०७८ साल आषाढ मसान्तसम्म कायम रहने नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत (परफमेन्स बण्ड) सम्झौता गर्दाकै बखत पेश गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नुपर्नेछ। उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ।

१२. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिनेछ। साथै रसिदको नमूना यस कार्यालयबाट उपलब्ध गराइनेछ।

१३. ठेक्का रकम तिर्न वाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन पाइनेछैन।

१४. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन।

१५. कुनै ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ।

१६. यसमा सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

....
त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षण राष्ट्रिय दैनिक समाचार पत्रका लागि इफ्तखार हसन (इकवाल अहमद) द्वारा प्रकाशित एवं सम्पादित : **कार्यकारी सम्पादक** : टोमराज मेहता, **वरिष्ठ सम्पादक**: ताविल अन्सारी, **वरिष्ठ संवाददाता** : मनोज भुजेल, संवाददाता : ध्रुव कुमार रेग्मी, **कानूनी सल्लाहकार**: मणिराज दुलाल, सुमनचन्द्र कार्की **सल्लाहकार**: छविनाथ रिजाल, **व्यवस्थापक** : मुनाफ हसन, मो. ९८१९३३००९१ मुद्रक चौतारी प्रेस प्रिन्टिङ अपरेटर : राजेश कु.साह मो. ९८०४३७०१७१, **कार्यालय**: ईनरुवा-१, सुनसरी इमेल: *Pratikshandaily@gmail .com,* फोन नं. ०२५-५६१८२२ विज्ञापनको लागि : ९८५१२४७१००, ९८४२२२२२२२